Australian Red Cross

redcross.org.au/workrighthub

# अस्ट्रेलियामा आधुनिक दासत्व हुन्छ



आधुनिक दासत्व त्यतिबेला हुन्छ जब व्यक्तिको शोषण गर्न जबरजस्ती, धम्की वा छलको प्रयोग गरिन्छ वा उनिहरुको स्वतन्त्रता हनन गरिन्छ । अस्ट्रेलियामा यि गम्भिर अपराध हुन् र यिनमा मानव ओसारपोसार, दासत्व, बन्धन, बाध्य बिबाह, बाध्य श्रम, ऋण बंधन,  बाल श्रमको सबैभन्दा खराब रुपहरु, र श्रम वा सेवाका लागि छलकपटी भर्ती समावेश छन् ।

## यदि तपाँइ वा तपाँइले चिनेको कसैलाई शोषण भइरहेको छ भने साहायता उपलब्ध छ ।

**जानकारी वा गोप्य सल्लाहको लागि अस्ट्रेलियन रेड क्रसलाइ सम्पर्क गर्नुहोस् । ०३ ९३४५ १८०० मा फोन वा national_stpp@redcross.org.au मा इमेल गर्नुहोस् ।**



# कार्यस्थलमा तपाँइलाइ निश्पक्ष्य ब्यवहार हुनु पर्दछ

## यदि तपाँइ वा तपाँइले चिनेको कोहि:

- काम गर्न बाध्य हुनुपर्ने
- कम बिस्राम समय लिएर लामो समयसम्म काम गर्नुपर्ने
- उपयुक्त तलब नपाउने
- रोजगारदाता वा काम लगाइदिने लाइ यात्रा, आवास, कपडा, खाना, यातायात वा कामका कागजातहरूको लागि ठूलो ऋण तिर्नुपर्ने
- आफ्नो कार्यस्थल छोड्न नपाउने वा कार्य अवस्थाका बारेमा रोजगारदातासँग सहमति गर्न नपाउने
- कार्यस्थलमा डर वा धम्कीको सामना गर्नुपर्ने जस्तै, तपाईंलाई कामबाट हटाइनेछ वा परिवारका सदस्यहरूलाइ हानी पुर्याइनेछ भनेर भनिने
- तपाँइलाइ तपाँइको राहदानी वा अन्य परिचयका कागजातहरुको पहुँच नहुने
- कसैको घरमा काम गर्नुपर्ने र व्यक्तिगत वा सामाजिक कारणले बिरलै बाहिर निस्कन पाउने
- अपमान, हेला, दुर्व्यवहार वा हिंसाको भागिदार हुनुपर्ने

## साहायता उपलब्ध छ

रेड क्रसले तपाँइलाइ सुझाब र साहायता दिन्छ र तपाँइलाइ अन्य सेबाहरुमा साहायताको लागि सिफारिस गर्न सक्दछ । दोभासेको सुबिधा उपलव्ध छ । ०३ ९३४५ १८०० मा फोन वा national_stpp@redcross.org.au मा इमेल गर्नुहोस् ।

यहाँ एक साहायता कार्यक्रम पनि छ जसले व्यक्तिलाइ पुनःस्थापित हुन र आफ्नो जीवन पुनर्निर्माण गर्न मद्दत गर्छ । यो कार्यक्रमले व्यक्तिलाइ कुनै सुरक्षित बासस्थान खोज्न, चिकित्सा सेवा लिन, परामर्श, कानुनी तथा आप्रबासी सल्लाह, आर्थिक साहायता, अध्यन तथा तालिम लिन र रोजगार खोज्न सहयोग तथा सामाजिक संजाल बिस्तार गर्न सहयोग गर्दछ । रेड क्रसले यो कार्यक्रमको बारेमा थप जानकारी दिन सक्दछ । *

यदि आपतकालिन अवस्था हो वा कसैको सुरक्षा खतरामा छ भने पुलिसलाइ ००० मा फोन गर्नुहोस् । सम्भावित आधुनिक दासत्वको मुद्दा रीपोर्ट गर्नको लागि अस्ट्रेलियन फेडरल पुलिसलाइ १३१ २३७ मा फोन गर्नुहोस् ।

## आफ्नो अधिकारहरु थाहा पाइराख्नुहोस् ।

अस्ट्रेलियामा हरेक कामदारका कानुनले संरक्षण गरेका आधारभूत अधिकारहरु हुन्छन् । यि कानुनले अन्य देशबाट आगन्तुक कामदार, जति समयको लागि वा जुन प्रबेशाज्ञामा आएका भएपनि, लगायत सबै कामदारहरुलाइ ढाकेका हुन्छन् ।

तपाँइको कार्यस्थल अधिकार बारे जानकारीको लागि www.fairwork.gov.au मा जान सक्नुहुन्छ वा फेयर वर्क अम्बड्समनलाइ १३ १३ ९४ मा फोन गर्न सक्नुहुन्छ । यदि तपाँइलाइ दोभासेको आवश्यकता पर्दछ भने ट्रान्सलेटिङ तथा इन्टरप्रेटिङ सर्भिस लाइ १३ १४ ५० मा सम्पर्क गर्नुहोस् ।

*अस्ट्रेलियन रेड क्रसले सपोर्रट फर ट्राफिक्ड पिपल प्रोग्राम (बेचबिखन भएका मानबकालागि साहायता कार्यक्रम) संचालन गर्नको लागि डिपार्टमेन्ट अफ सोसल सर्भिसेस (सामाजिक सेवा विभाग) बाट अनुदान प्राप्त गरेको छ ।

*This Modern Slavery grant activity received grant funding from the Australian Government.*

NEPALI